# चिशंखुगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सेर्ना, ओखलढुंगा

पत्र संख्याः २०८०/०८१

कोशी प्रदेश, नेपाल

## करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०१/०६)

(नेपाल संवत्: ११४४ चौलाथ्व १०, विहिबार)

चिशंखुगढी गाउँपालिकामा तपसिल बमोजिमको कर्मचारी करार सेवामा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुबाट सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा रीतपूर्वक फाराम भरी दरखास्त पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | सेवा | पद | तह | माग पद संख्या | शैक्षिक योग्यता | दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | १३/०८०/८१ | विविध | कार्यालय सहयोगी | श्रेणी विहिन | १ (एक) | साधारण लेखपढ गर्न सक्ने। | ३००/- |

१. **शर्त:** नेपाली नागरिक भएको तथा प्रचलित कानुनद्वारा अयोग्य नठहरिएको हुनु पर्नेछ।

२. **दरखास्तको साथ पेश गर्नु पर्ने कागजातहरु :-** आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिम कागजातकरुको प्रतिलिपिहरु:

(क) नागरिकता प्रतिलिपि,

(ख) न्युनतम शैक्षिक योग्यताको प्रमाण पत्र प्रतिलिपि,

(ग) कामसँग सम्बन्धित अनुभव भए सोको कागजात,

(घ) २ प्रति पासपोर्ट फोटो।

३. **उमेर :-** दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ।

४. **दरखास्त दिने अन्तिम मितिः** २०८१।०१।२० गते कार्यालय समय भित्र दरखास्त दिन सकिनेछ।

५. **दरखास्त दस्तुर :-** यस चिशंखुगढी गाउँपालिकाको कुमारी बैंक लिमिटेडमा रहेको आन्तरिक राजश्व खाता नं. ०९२००४८६२५४००००३ मा जम्मा गरी सक्कलै भौचर पेश गर्ने वा गाउँपालिकाको राजश्व शाखामा आम्दानी रसिद काटी नगद जम्मा गरेको सक्कल रसिद पेश गर्ने।
(Account Name: CHISANKHUGADI GAUPALIKA-ANTARIK RAJASHWO KHATA GA 1.1 )

६. **परीक्षाको किसिम, समय र स्थान :-** संक्षिप्त सूचि तथा अन्तर्वार्ता (परीक्षा मिति, समय र स्थान संक्षिप्त सूचीमा प्रकाशन गरिनेछ )।

७. **प्राथमिकता:** चिशंखुगढी गाउँपालिका अन्तर्गत वडा नं. ८ माम्खा निवासीलाई प्राथमिकता दिइनेछ।

८. **दरखास्त पेश गर्ने स्थान:** चिशंखुगढी गाउँ कार्यपालिकाको कार्यालय, सेर्ना ओखलढुंगा।

९. **पारिश्रमिक तथा सेवा सुविधाः** प्रचलित कानून अनुसार सम्बन्धित तहको लागि तोकिए बमोजिम हुनेछ।

१०. **कार्यविवरण:** पदिय जिम्मेवारी बमोजिम तोकिएका कार्य।

११. **कार्यक्षेत्र:** वडा कार्यालय, चिशंखुगढी गाउँपालिका-०८, माम्खा।

१२. **करार अवधि:** कार्यपालिकाको निर्णयानुसार।

थिर प्रसाद भट्टराई ८१/०१/०६
नि. प्रमुख प्रशासकीय अधिकृत

*द्रष्टव्यः- अन्य थप जानकारीका लागि चिशंखुगढी गाउँ कार्यपालिका कार्यालयको फोन नं. ९८५२८५५५६४ मा सम्पर्क गर्न सकिनेछ। साथै दरखास्त दिन गाउँपालिकाको website: www.chishankhugadhimun.gov.np/vacancy मा जानकारी लिन सकिनेछ।*